# चितवन जिल्ला अदालतबाट

## जारी गरिएको सूचना

मिति : २०७८/९/१८

**विषय : मेलमिलापकर्ताको रुपमा सूचीकृत हुने सम्वन्धमा ।**

मेलमिलाप सम्वन्धी नियमावली, २०७० को नियम ९ र जिल्ला अदालत नियमावली, २०७५ को नियम ५० बमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन निवेदन माग गर्नुपर्ने र सूचिकृत रहेका मेलमिलापकर्ताहरुको सूची अध्यावधिक गर्न र मेलमिलापकर्ताको रुपमा नयाँ सूचीकृत हुन चाहने व्यक्ति वा संस्थाले सूचिकृत हुन मिति २०७८।०८।२९ सम्मको सूचना प्रकाशित भएकोमा मिति २०७८।०९।०१ गते देखि लागु हुन गरी ३० दिन थप गरिएकोले सो मिति भित्र यस आर्थिक वर्ष ०७८/०७९ का लागि मेलमिलापकर्ताको रुपमा सूचिकृत हुन निम्न कागजातहरु सहित यस अदालतमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु:**

- मेलमिलाप परिषदबाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
- संस्थाको हकमा संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपी ।
- निवेदकको पासपोर्ट साइजको फोटो २ प्रति ।

.............................

ईश्वर आचार्य

(स्रेस्तेदार उप-सचिव)

स्रेस्तेदार (उपसचिव)